नेपाल सरकार

# ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय

कर्मचारी प्रशासन शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: ०८२।८३
च.नं.: ६४०

मिति: २०८२।११।२६
नेपाल संवत ११४६

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल ।
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं ।
श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल ।

**विषय: सेवाकालीन प्रशिक्षण कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.नं. ४६६ मिति २०८२।११।१४ को पत्रको छायाँप्रति पाना एक यसैसाथ संलग्न छ । पत्रमा उल्लेख भएनुसार उक्त प्रतिष्ठानमा विभिन्न मितिमा संचालन हुने राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृतहरुको लागि Advanced Course on Management and Development (ACMD) तथा तृतीय श्रेणी वा सो सरहको अधिकृतहरुको लागि Professional course on Management and Development (PCMD) विषयक सेवाकालिन तालिममा सहभागी हुन जेष्ठताका आधारमा मनोनयन गरिने हुँदा तहाँ विभाग वा अन्तर्गत कार्यरत इच्छुक रा. प. द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुको विवरण २०८२।११।२८ गते भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखामा आइपुग्ने गरी पठाइदिनु हुन आदेशानुसार अनुरोध छ ।

२०८२।११।२६

(गणेश न्यौपाने)
शाखा अधिकृत

**वोधार्थ:**

श्री सूचना तथा जनसम्पर्क शाखा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय: सरोकारवालाको जानकारीका लागि यस मन्त्रालयको Web Site मा upload गरिदिनुहुन ।

फोन नं.: ४२११५१६, ४२११८८६ इमेल: info@moewri.gov.np वेवसाइट: www.moewri.gov.np

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं.२६-CIST/PSTD
च.नं. ४६६/२०८२/०८३

मिति: २०८२/११/१४

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
कर्मचारी प्रशासन महाशाखा
दर्ता नं.: ८६०
मिति: २०८२।११।२६

श्री उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD)** तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि **Professional Course on Management and Development (PCMD)** सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो **मनोनयन पत्र (मनोनित कर्मचारीको फोन नम्बर, इमेल ठेगाना र नियुक्ति मिति सहित) मिति २०८२/११/२८ गतेसम्म इमेल ठेगाना** inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति |
|---|---|---|
| ACMD ५ | १ जना | २०८२/१२/१० देखि ४० कार्यदिने |
| PCMD 9 | २ जना | २०८२/१२/११ देखि ३२ कार्यदिने |
| PCMD 10 | २जना | २०८२/१२/१६ देखि ३२ कार्यदिने |
| ACMD: श्री एन्तोभ्ना ज्ञवाली (९८५७०४४५०३) | | https://forms.gle/aE1fusF9erN6HZBy8 |
| PCMD: श्री आश्मा बिडारी (९८४३०८६७३३) | | https://forms.gle/9u4Fxbu5FVG9mZov6 |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी पछि गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संग्लन पत्र प्रतिष्ठानको ईमेल inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले **ACMD** का लागि https://forms.gle/aE1fusF9erN6HZBy8 र **PCMD** का लागि https://forms.gle/9u4Fxbu5FVG9mZov6 मार्फत **registration** गर्नु पर्नेछ।

.............................
एन्तोभ्ना ज्ञवाली
प्रशिक्षण तथा अनुसन्धान अधिकृत

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,